आज मिति २०८३ जेष्ठ ९ गते शनिवारका दिन खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा कार्यपालिकाको  औं बैठक देहाय अनुसारका निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङ्बु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ७ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङ्जिन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | सदस्य सचिव | |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री काशीराम खड्का | ईञ्जिनियर | |
| १७ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १८ | श्री मञ्जु श्री शर्मा निरौला | अधिकृत (प्रशासन) | |

| | | | |
|---|---|---|---|
| १९ | श्री धन प्रसाद आचार्य | अधिकृत छैटौं (प्रशासन) | |
| २० | श्री दिप कुमार बस्नेत | ईञ्जिनियर | |
| २१ | श्री बिशाल काफ्ले | सूचना प्रविधि अधिकृत | |
| २२ | श्री लक्ष्मी प्रसाद सेढाई | कृषि विकास शाखा | |
| २३ | श्री अनुज नकर्मी | कम्प्युटर अपरेटर | |

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आ.व. ०८२।०८३ मा कार्यान्वयन भई रहेका योजना तथा कार्यक्रमको कार्यान्वयनको समीक्षा गर्दा केही योजनालाई अर्को बर्ष सम्म म्याद थप गर्नु पर्ने साथै धेरै जसो योजनाहरु तदारुकताका साथ सम्पन्न गर्न नियामित अनुगमन गर्न निर्देशन दिने ।

**निर्णय नं. २**

खुम्बु पासाङल्हामु गाउँपालिकाले चालु आ.व. मा कार्यान्वयनका लागि उपभोक्ता समितिसँग सम्झौता भई सकेका देहाय अनुसारका योजनाको म्याद २०८३ असार २० गते सम्मको लागि थप गर्ने ।

तपसिल

| क्र.सं. | योजनाको नाम | अन्तिम म्याद | स्थान |
|---|---|---|---|
| १ | लुक्ला ढल व्यवस्थापन | २०८३।२।१३ | वडा नं. २, लुक्ला |
| २ | पाङ्बोचे खानेपानी तथा फायर हाइड्रेन्ट निर्माण सम्पन्न | २०८३।२।१५ | वडा नं. ४, पाङ्बोचे |
| ३ | खुन्दे गुम्बाको देवाङ निर्माण | २०८३।२।२९ | वडा नं. ४, खुन्दे |
| ४ | उच्चे छोलिङ गुम्बा लामा आवास निर्माण | २०८३।२।१५ | वडा नं. ३, मञ्जु |
| ५ | फाक्दिङ छयाङ्गा हुँदै छुमवा खच्चडको वैकल्पिक बाटो निर्माण | २०८३।२।१५ | वडा नं. ३, फाक्दिङ |
| ६ | खरिखोला खानेपानी निर्माण साझेदारी निरन्तरता | २०८३।२।२९ | वडा नं. १, खरिखोला |
| ७ | खरिखोला खानेपानी निर्माण सम्पन्न स्किम १, २ र ३ | २०८३।२।२९ | वडा नं. १, खरिखोला |
| ८ | खोङमाला पास बाटो निर्माण | २०८३।३।१० | वडा नं. ४, खोङमाला |
| ९ | खोङमाला पासमा ब्यट्री चार्जीङ स्टेशन | २०८३।३।१० | वडा नं. ४, खोङमाला |
| १० | दिबुचे पहिलो नियन्त्रण तथा बाटो मेमत | २०८३।२।२६ | वडा नं. ४, दिबुचे |
| ११ | खुन्दे च्योर्तेन पार्क निर्माण | २०८३।२।२९ | वडा नं. ४, खुन्दे |
| १२ | खुन्दे गुम्बा देवाङ निर्माण | २०८३।२।२९ | वडा नं. ४, खुन्दे |
| १३ | फोर्चे गोक्यो जाने बाटो निर्माण | २०८३।३।०२ | वडा नं. ४, फोर्चे |
| १४ | दोले पुल निर्माण | २०८३।२।२६ | वडा नं. ४, दोले |
| १५ | गोक्यो बाट रेन्जो जाने बाटो निर्माण | २०८३।२।२६ | वडा नं. ४, गोक्यो |
| १६ | पाङ्बोचे खानेपानी तथा फायर हाइड्रेन्ट निर्माण | २०८३।२।३० | वडा नं. ४, पाङ्बोचे |
| १७ | पाङ्बोचे देखि सोमारे पहिरो बाटो निर्माण | २०८३।२।२८ | वडा नं. ४, पाङबोचे |

निर्णय नं. ३

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट स्थानीय तहमार्फत जग्गा प्रशासन सम्बन्धी सेवा सञ्चालन गर्ने निर्णय भए बमोजिम उक्त सेवा सञ्चालनका लागि आवश्यक सामग्री तथा व्यवस्थापन सम्बन्धी खरिद कार्य विविध शीर्षकबाट खर्च गर्ने।

निर्णय नं. ४

खुम्बु पासाङल्हामु गाउँपालिकामा आउने पर्यटकहरुलाई स्वच्छ तथा सुरक्षित खानेपानीको सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले पहिलो चरणमा गाउँपालिकाभित्र २ स्थान: लुक्ला काउन्टर र मन्जो काउन्टरमा Water ATM स्थापना गर्ने ।

निर्णय नं. ५

ङिम दोर्जी शेर्पा स्मृति रनिङ कप सञ्चालन कार्यविधि, २०७५ को दफा ५ को उपदफा (६) मा रहेको प्रतियोगिताको पुरस्कार सम्बन्धी व्यवस्थामा संशोधन गरी देहायबमोजिम कायम गर्ने :

क. प्रथम पुरस्कार : रु. ३,००,०००/- (अक्षरेपी तीन लाख रुपैयाँ )

ख. द्वितीय पुरस्कार : रु. १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ )

ग. तृतीय पुरस्कार : रु. ७५,०००/- (अक्षरेपी पचहत्तर हजार रुपैयाँ )

ङिम दोर्जी शेर्पा स्मृति रनिङ कप सञ्चालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा रहेको प्रतियोगितामा भाग लिने खेलाडी सम्बन्धी व्यवस्था संशोधन गरी प्रत्येक टिमले सोलुखुम्बु जिल्लाका पालिका बाहिरबाट २ जना खेलाडी मात्र भाग लिन मिल्ने व्यवस्था कायम गर्ने।

निर्णय नं. ६

पांगोम स्वास्थ्य चौकीमा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न आवश्यक स्थानमा Wireless 4G Router जडान गर्ने व्यवस्था मिलाउने।

निर्णय नं. ७

खुम्बु पासाङल्हामु गाउँपालिकाको वडा ३ र ४ मा Solar Back-up System जडान गर्ने तथा आवश्यकता अनुसार Dry Lithium Battery खरिद तथा जडान प्रक्रियालाई अगाडि बढाउने।

निर्णय नं. ८

कर्मचारी तथा जनप्रतिनिधिहरूको AI सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी सेवा प्रवाह तथा डिजिटल सुशासनलाई प्रभावकारी बनाउन AI Readiness सम्बन्धी तालिम मिति २०८३ असार ५मा सञ्चालन गर्ने ।

निर्णय नं. ९

कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यान्वयन कार्यविधि,२०८३ स्वीकृत गर्ने ।

निर्णय नं. १०

खुम्बु पासाङल्हामु गाउँपालिकाको बिसौं गाउँ सभा २०८३ आषाढ १० गते गर्ने ।

निर्णय नं. ११

सांग्रिला नेपाल फाउन्डेशनबाट मिति २०८३/०२/०७ गते पेश भएको प्रस्ताव अनुसार पर्वतारोहण र साहसिक पर्यटन कामदारहरुको परिवारको लागि दिगो जीविकोपार्जन र क्षमता निर्माण कार्यक्रम यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्ने ।

निर्णय नं. १२

सगरमाथा प्रदूषण नियन्त्रण समितिबाट मिति २०८३/०२/०७ गते पेश भएको प्रस्ताव अनुसार पुनर्जन्मशील पर्यटन र आगन्तुक प्रभाव डेटाको एकीकृत अध्ययन कार्यक्रम यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्ने ।

निर्णय नं. १३

यस गाउँपालिकाको कुनै पनि क्षेत्रमा रासायनिक मल, रासायनिक विषादी तथा उन्नत बीउको प्रयोग नगर्ने र स्थानिय स्तरमा उत्पादन हुने बीउ र प्राङ्गरिक मल तथा जैविक विषादीको प्रयोग गर्ने ।

निर्णय नं. १४

यस गाउँपालिकामा कुनै पनि सहकारी संस्था नरहेकोले आ. व. २०८२/०८३ मा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा कुनै पनि प्रतिवेदन अद्यावधिक नगर्ने।

निर्णय नं. १५

यस गाउँपालिकामा रहेको विद्यमान दरबन्दी र सांगठनिक संरचनालाई यथावत राख्दै, कार्यालयको आन्तरिक कार्यप्रणालीलाई आधुनिकीकरण गर्न, सूचना प्रविधिको उच्चतम प्रयोग बढाउन, अभिलेख व्यवस्थापनलाई चुस्त बनाउन र उपलब्ध सीमित जनशक्तिको उच्चतम परिचालन मार्फत सेवा प्रवाहलाई छिटो, छरितो र लागत-प्रभावी बनाउन साथै भूमि व्यवस्था,सहकारी, तथा गरिबी निवारण मन्त्रालयको मिति २०८३/०१/३० गतेको सूचना अनुसार भूमि प्रशासन सम्बन्धी सेवा स्थानीय तहबाट सञ्चालन गर्न यस गाउँपालिकाको समग्र व्यवस्थापकीय अभ्यासहरूको गहिरो समीक्षा र पुनरावलोकन गर्न आवश्यक भएको हुँदा गाउँपालिकाको विद्यमान संगठनात्मक संरचना पुनरावलोकन गर्ने तथा उक्त कार्यका लागि आवश्यक पर्ने रु. ३,००,०००/- (अक्षरेपी तीन लाख रुपैयाँ ) यस गाउँपालिकाको विविध शीर्षकबाट खर्च गर्ने।

निर्णय नं. १६

यस गाउँपालिकाको डिम दोर्जी शेर्पा सडक स्तरोन्नति गर्दा ब्लास्टिङ पडकाउने क्रममा वडा नं. १ निवासी श्री दा तेन्जी शेर्पा र श्री साङ्गो लामाको घरमा क्षति भएको हुँदा प्राविधिकबाट पेश भइको लागत अनुमान र प्रकोप व्यवस्थापन कार्य योजना विनियम २०७४ को परिच्छेद ७ अनुरुप (अंशिक क्षति) को रु १,५०,०००/- राहत उपलब्ध गर्ने ।